# इलाका प्रहरी कार्यालय, कञ्चनपुर, सप्तरीको हिरासतमा प्रहरीद्वारा बलात्कार भएको भनिएको घटनाको स्थलगत प्रारम्भिक अध्ययन प्रतिवेदन



इन्सेक INSEC

WOREC

२०८० भदौ २२ गते

**घटना मितिः** २०७९ चैत ६ गते

**स्थलगत अध्ययन मितिः** २०८० भदौ १६ गते

**अध्ययनको उद्देश्यः**

- स्थलगत अध्ययन गरी घटनाको सत्य तथ्य बाहिर ल्याउनु ।
- पीडितको न्यायका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउनु ।

**स्थलगत अध्ययन टोली**

१. डा. रेणु अधिकारी, अध्यक्ष, महिला पुनर्स्थापना केन्द्र (ओरेक)
२. राजु पासवान, प्रदेश संयोजक, इन्सेक मधेश प्रदेश
२. अनीता चौधरी, सिरहा जिल्ला संयोजक, महिला पुनर्स्थापना केन्द्र (ओरेक)
३. बन्दना दनुवार, स्टेसन म्यानेजर, रेडियो उदयपुर
४. दुर्गा बजागाइँ, महिला मानव अधिकार रक्षक, सुनसरी

**सारांश**

आफ्नो पद, शक्ति वा अधिकारको प्रयोग गरी कुनै किसिमको दबाब, प्रभाव र प्रलोभनमा पारी यौनजन्य कार्य गर्न हुँदैन भन्ने कानुनी व्यवस्थाको बर्खिलाप इलाका प्रहरी कार्यालय कञ्चनरुप, सप्तरीका डिएसपी दीपककुमार रायले हिरासतमा रहेकी महिलालाई यौन हिंसा गरेको शंका हुने ठाउँ देखिएका छन् । हिरासतमा रहेकी महिलालाई बयानका लागि राति डिएसपीले बोलाएको प्रहरी अधिकारी र पीडित महिलाले बताउनुले घटना भएको आशंका गर्न सकिन्छ । हिरासतमा दिनभर रहेकी महिलालाई राति बयान लिएबाट घटनामा पीडितले लगाएको आरोपको छानबिन गर्नु प्रहरीको दायित्व हो । सबै प्रहरी कार्यालय अन्तर्गत रहेका महिला थुनुवा कक्षको सुरक्षामा महिला प्रहरी खटाउन र साथै महिला प्रहरीको उपस्थितिमा थुनुवा महिलासँग बयान लिने प्रक्रियाको व्यवहारत अवलम्बन गर्नु पर्छ ।

**पृष्ठभूमिः**

सप्तरीकी ३५ वर्षीया महिलालाई इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा सो कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपककुमार रायले २०७९ चैत ६ गते राति अन्दाजी ११:३०-१२:०० बजे बलात्कार गरेको आरोपसम्बन्धी घटना इन्सेकअनलाइन तथा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उक्त घटनाको सम्बन्धमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रतिनिधि सम्मिलित टोलीले २०८० भदौ १६ गते स्थलगत अनुगमन गऱ्यो । अनुगमन टोलीले अनुगमनको क्रममा सप्तरी कारागारमा रहेकी पीडित महिला, घटना भएको बेला इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा खटिएका महिला प्रहरी र जिल्ला प्रहरी कार्यालयका एसपी नरेन्द्र कार्कीसँग भेटेर घटनाबारे जानकारी लिएको थियो ।

**घटना विवरणः**

कर्तव्य ज्यान मुद्दामा इलाका प्रहरी कार्यालय, कञ्चनपुरको हिरासतमा रहेकी ३५ वर्षीया महिलालाई २०७९ चैत ६ गते राति ११:३०-१२:०० बजे सोही कार्यालयका प्रमुख डिएसपी दीपककुमार रायले बयानका लागि आफ्नो कार्य कक्षमा बोलाएर दुई पटक बलात्कार गरेको पीडित महिलाले बताइन् ।

प्रहरीले २०७९ चैत ४ गते गिरफ्तार गरी प्रहरी हिरासतमा राखिएकी महिलाविरुद्ध २०७९ चैत १४ गते मात्र प्रहरी प्रतिवेदनका आधारमा पक्राउ पुर्जी जारी भएको र चैत २० गते महिलाका जेठाजुको उजुरीसमेतको आधारमा ज्यानसम्बन्धी कसुरको अभियोगमा कारबाही प्रक्रिया अगाडि बढाइएको देखिन्छ । महिलाविरुद्ध वैदेशिक रोजगारीबाट (कतार र मलेशियाबाट) घर फर्केका ३७ वर्षीय पतिको २०७० कात्तिक ६ गते करेन्ट लगाएर हत्या गरेको उजुरीमा उल्लेख छ । अदालतले स्वास्थ्य परीक्षण गर्न आदेश दिँदा आरोपित अन्य दुई महिलाले स्वास्थ्य परीक्षण गराए पनि प्रहरीको धम्कीकै कारण आफूले स्वास्थ्य परीक्षण गर्न नमानेको पीडित महिलाले बताइन् ।

पीडित महिलालाई २०७९ चैत ४ गते गिरफ्तार गरे पनि बयानका लागि २०७९ चैत ६ गते राति इलाका प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी रायले आफ्नो कार्य कक्षमा बोलाई दुई पटक बलात्कार गरेको र कसैलाई घटनाबारे जानकारी गराएमा २० वर्षको सजाय हुने धम्की दिएको पीडितको भनाइ छ ।

पीडित महिलाका अनुसार आफूलाई यस्ता समस्या हुँदा समेत आफ्ना कुरा राख्न अनुकूल वातावरण नभएको कारण घटना बाहिर आउन ढिलो भएको हो । कर्तव्य ज्यानसम्बन्धी कसुरको आरोपमा महिलालाई जिल्ला अदालतको २०८० वैशाख १२ गतेको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार राजविराजमा पठाइएकोमा सोही रातिदेखि पेट दुःखेपछि २०८० वैशाख १२ गते गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज लगिएको थियो । उनले अस्पतालको रेकर्डमा आफूलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी दीपककुमार रायले बलात्कार गरेको जानकारी गराएपछि स्वास्थ्य परीक्षण गरिएको छ । उक्त अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) को रेकर्डमा महिलाको बयान लेखिएको छ-“इलाका प्रहरी कार्यालय कञ्चनपुरको हिरासतमा रहँदा त्यहाँ रहेका २ मध्ये एक प्रहरीले राती दुईपटक बोलाई कोठाभित्र लगी करणी गरेको र वैशाख ११ गते कारागारमा रहेका बेला पेट दुखेपछि अस्पताल ल्याएको र करणी गरेपछि प्रहरीले कसैलाई भनेमा जेलमा २० वर्ष थुनाइ दिन्छु भनेको डरले कसैसित कुरा शेयर नगरेको ।” पीडितले २०८० भदौ ६ गते कारागार कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय सप्तरीमा लिखित उजुरी दिएकी छन् । पीडित महिलालले थुनुवा कक्षभित्र आफूलाई योनी भित्र राख्ने औषधी समेत दिएको आरोप लगाएकी छन् ।

**प्रभावित महिलाको परिवारिक विवरण :**

पीडित महिलाको दुई छोरी र एक छोरा छन् । जेठी छोरीको विवाह भएको छ भने १४ वर्षकी छोरी घरमा हजुरआमासँग बस्छिन् र १२ वर्षको छोरालाई मामाले दिल्ली लिएर गएका छन् । पीडित महिलाका पति वैदेशिक रोजगारबाट (कतार र मलेशियाबाट) फर्केर तरकारी र दाउरा बेचेर गुजरा चलाउँदै आएका थिए । छोरीको विवाह गरेर बाँकी रहेको २ लाख ५० हजार रुपियाँको इन्सुरेन्स गराएको पतिले जानकारी दिएका थिए । पतिको मृत्यु भएपछि सोही इन्सुरेन्स बापत २१ लाख रुपियाँ नगद पाएको र जेठाजुले मागेको पैसा नदिएपछि प्रहरीमा उजुरी दिएको पीडितको भनाइ रहेको छ ।

## सरोकारवालाहरूको भनाइ

### ३५ वर्षीया पीडित महिला

३७ वर्षीय पति दैनिक रुपमा मादक पदार्थ सेवन गरी घर आउने गर्नुहुन्थ्यो । २०७९ कात्तिक ५ गते राति अबेरसम्म पति घर नआउनु भएकाले छोरा छोरीसमेत खाना खाएर सुत्यौं । राति मादक पदार्थ सेवन गरेर आउनुभएको थियो । बत्ति बाल्ने बेलामा सोही ठाउँमा रहेको नाङ्गो तारमा करेन्ट लागी उहाँको मृत्यु भएको भोलिपल्ट बिहान २०७९ कात्तिक ६ गते थाहा भयो । उक्त घटनाको बारेमा गाउँसमाज तथा प्रहरीमा खबर गरेपछि कानुनी प्रक्रिया पुऱ्याएर शवको सदगत गरी काजक्रिया सकेपछि २०७९ मङ्सिर ७ गते इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा जाहेरी दरखास्त दिएकी थिएँ । इलाका प्रहरी कार्यालय, कञ्चनपुरले करेन्ट लागी भवितव्य मृत्यु भएको भनेर दिएको कागजातका आधारमा पतिले सिटिजन लाइफ इन्स्योरेन्स लिमिटेडमा गरेको इन्स्योरेन्सको रकम दावी गरी इन्स्योरेन्स रकम प्राप्त भयो । इलाका प्रहरी कार्यालय, कञ्चनपुरले पतिको करेन्ट लागी भवितव्य मृत्यु भएको भन्ने कागजात दिएको आधारमा नेपाल लाइफ इन्स्योरेन्स क. लि. मा इन्स्योरेन्स रकम दावी गरेपछि रकम नतिर्नु पर्ने गरी चलखेल भई करेन्ट लगाएर मारेको भनी आफूलाई २०७९ चैत ४ गते गिरफ्तार गरियो ।

गैरकानुनी रुपमा इलाका प्रहरी कार्यालय, कञ्चनपुर प्रहरी हिरासतमा राखिएको अवस्थामा चैत ६ गते राति अन्दाजी ११:३०-१२:०० बजेको समयमा इलाका प्रहरी कार्यालय, कञ्चनपुरका असई (नाम थाहा नभएको) ले सोधपुछ गर्नु छ भनी जबरजस्ती इलाका प्रहरी कार्यालय कञ्चनपुरका कार्यालय प्रमुख तथा प्रहरी नायव उपरीक्षक (डिएसपी) दिपककुमार रायको कोठामा लगी थुनी दिए । मादक पदार्थ सेवन गरी बसेका डिएसपी दिपक कुमार रायले कुटपिट गरी बलात्कार गरे । सोही राति डिएसपी रायले हिरासत कक्षबाट बोलाउन लगाई पुनः बलात्कार गरे पश्चात यो कुरो कसैलाई कतै भनिस् भने २० वर्षसम्म जेलमा सडाइदिन्छु भनी डर त्रास देखाएपछि मानसिक तनावका कारण २०७९ चैत ८ गते सप्तरी जिल्ला अदालतको आदेश अनुसार स्वास्थ्य परीक्षण गराउने अवस्था भए पनि स्वास्थ्य परीक्षण नगराउनु भनी डिएसपीले धम्की दिएका कारण उक्त समयमा स्वास्थ्य परीक्षण समेत भएन ।

जिल्ला अदालत, सप्तरीको २०८० वैशाख ११ गतेको आदेशले जिल्ला कारागार राजविराज थुनुवामा आएको र राति पेटमा दर्द भएपछि कारागार प्रशासनलाई जानकारी गराए पश्चात २०८० वैशाख १२ गते गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा उपचारका लागि लगेको बेला इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी दीपककुमार रायले बलात्कार गरेको बताएपछि स्वास्थ्य परीक्षण भई औषधि सेवन गरेँ । त्यसपछि तत्काल पेट दुःख्ने बन्द भएपनि मानसिक तनावमा छु ।

आफूलाई बलात्कार गर्ने डिएसपी रायले सजाय पाउनु पर्छ । इज्जत त सबैको हुन्छ । ममाथि डिएसपी रायले बलात्कार गऱ्यो । मैले बलात्कार घटना विरुद्द मुद्दा पनि दिए । तर, समाजले मलाई नै खराब छ, भन्छन् । ममाथि प्रहरी हिरासतमा यस्तो घटना भएपछि मलाई हेर्ने दृष्टिकोण नै फरक भएको छ । मेरो १४ वर्षकी छोरी र १२ वर्षको छोरा छन् । आमा नहुँदा मेरो छोराछोरी असुरक्षित छन् । मलाई उनीहरूको नै चिन्ताले सताइरहेको छ ।

### नरेन्द्र कार्की, एसपी, जिल्ला प्रहरी कार्यालय सप्तरी

इलाका प्रहरी कार्यालय कन्चनपुर सप्तरीमा हिरासतमा रहेकी महिलाले डिएसपी दीपककुमार रायमाथि बलात्कार गरेको आरोप लगाएको छ । तर, प्राविधिक रूपले समेत

घटना पुष्टि हुन सकेको छैन । हामीले बयान लिनका लागि महिलालाई राति १०:१९ (सीसीटीभी फुटेजमा देखिएको समय) बजे लगेका थियौँ । दिनभर धेरै 'केस'हरू हुन्छ । सबै प्रहरीहरु व्यस्त हुन्छन् । त्यसैले बयान लिने काम राति नै गर्ने गरिएको हो । महिलाले कुटेको कुरा लामो समय पछि आफूमाथि बलात्कार भएको कुरा किन ? घटना भएकै हो भने यति दिन लुकाउनु पर्ने कुरै थिएन । यति हुँदा पनि घटनाको छानबिन टोली बनेको छ, अनुसन्धान भइरहेको छ, गल्ती गरेको ठहरियो भने सजाय पाउँछ ।

## कानुनी प्रावधान

संविधानको धारा २२ को उपधारा १ मा गिरफ्तारी भएका वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने उल्लेख छ । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने भनिएको छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसुरको दफा २२१ मा थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने उल्लेख छ । कैद र थुनामा रहेको कुनै पनि व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाइदिइ करणी गराउन हुँदैन भनिएको छ ।
कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०२१ को दफा ३ र ४ मा कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न र गराउन नहुने तथा कसैले आफ्नो पद, शक्ति, वा अधिकारको प्रयोग गरी कुनै किसिमको दबाब, प्रभाव र प्रलोभनमा पारी यौन जन्य कार्य गर्न हुँदैन भनिएको छ ।

## निष्कर्ष/सुझाव

इलाका प्रहरी कार्यालय कञ्चनपुर, सप्तरीका कार्यालय प्रमुख डिएसपी दीपककुमार रायले बलात्कार गरेको भनिएको घटनाका पीडित महिलाको कुरा सुन्दा र सिसिटीभी क्यामेरामा कैद भएको भिडियो हेर्दा राति कोठाभित्र लगेको र कोठाबाट बाहिर निक्लेको दृष्य देखिन्छ । कोठाबाट बाहिर निक्लँदै गर्दा पीडित महिलाले कपाल र लुगा मिलाएको देखिन्छ । पीडित महिलालाई दुई दिन राति डिएसपी रायको कार्य कक्षमा बयानका लागि बोलाइएको, बयान लिने क्रममा डर, त्रास र धम्की तथा प्रलोभन दिएर जबरजस्ती यौन सम्बन्ध राखेको पीडितले अनुगमन टोलीलाई जानकारी दिएकी छन् ।

नागरिकको शान्ति र सुरक्षाका लागि खटिएका प्रहरी कार्यालयका प्रमुखले नै प्रहरी हिरासतमा रहेकी महिलालाई बलात्कार गरेको आरोप लाग्नु गम्भीर विषय हो । साथै पीडित महिलालाई हिरासतमा समेत प्रहरीले कुटपिट गरेको कुरा बताएको जिल्ला प्रहरी कार्यालयका एसपी नरेन्द्रकुमार कार्कीले टोलीसँग स्वीकार गरे पनि डिएसपी रायको पारिवारिक पृष्ठभूमिलाई नियाल्दा डिएसपी रायले यस्तो घटना गर्नै नसक्ने भनि अभिव्यक्ति दिनुले अनुसन्धानको प्रक्रिया तथा निष्पक्षतालाई नै प्रभावित पार्न सक्ने देखिन्छ । प्रहरी हिरासतभित्रै भएको भनिएको यौन हिंसा जस्तो संवेदनशील घटनामा कार्यालय प्रमुख संवेदनशील र गम्भीर हुनु पर्छ ।

तसर्थ प्रहरी हिरासत भित्र बलात्कार, यौन हिंसा र कुटपिट घटना हुनु गम्भीर प्रकृतिको घटना भएकाले यसको बृहत् अनुसन्धान गरिनु पर्दछ । सबै प्रहरी कार्यालय अन्तर्गत रहेका महिला थुनुवा कक्षको सुरक्षामा महिला प्रहरी खटाउनुका साथै महिला प्रहरीको उपस्थितिमा थुनुवा महिलासँग बयान लिने प्रक्रिया अवलम्बन गर्नु पर्छ ।

## जिल्ला प्रहरी कार्यालय राजविराज, सप्तरीमा पीडित महिलाले दिएको जाहेरी दरखास्त ः

**जिल्ला प्रहरी कार्यालय सप्तरी, राजविराजमा पेश गरेको**

**जाहेरी दरखास्त**

मार्फत :- कारागार कार्यालय राजविराज सप्तरी ।

१. जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना :- जिल्ला सप्तरी कञ्चनरूप नगरपालिका व न हाल कारागार कार्यालय राजविराज सप्तरीमा थुनामा रहेको वर्ष ३५ की व स------------------------------------------१

२. कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो :- जवरजस्ती करणी ।

३. कसूर गर्ने व्यक्तिको नाम, थर र ठेगाना :- इंलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीका प्रहरी प्रमुख, प्रहरी नायव उपरिक्षक (DSP) दिपक कुमार राय-------------------------१
ऐ. ऐ. कार्यालयका नाम थाहा नभएका प्रहरी सहायक निरीक्षक (ASI)----------------१

४. कसूर गर्ने व्यक्तिको बाबु आमाको नाम :- थाहा नभएको ।

५. कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-
प्रहरी नायव उपरिक्षक (DSP) दिपक कुमार राय, गोरो बर्ण, अं. ५ फीट १० इन्च उचाई भएको, ठिक्कको शरिर भएको ।
प्रहरी सहायक निरीक्षक (ASI) मधेशी मुलको, श्याम वर्ण, कालो कपाल, ५ फीट ८ इन्च उचाई, ठिक्कको शरीर भएको,

६. कसूर सम्वन्धी विवरण :-
(क) कसूर भएको वा भईरहेको वा हुन लागेको स्थान, ठाउँ, मिति र समय :-इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरी, प्रहरी नायब उपरिक्षक दिपक कुमार राय बस्ने गरेको कोठामा, मिति २०७९ साल चैत्र ६ गतेका राती अं. ११:३० /१२:०० बजेको समयमा ।
(ख) कसूरसँग सम्बन्धित घटनाको विवरण :- म जाहेरवालीको पति जिल्ला सप्तरी कञ्चनरूप नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३७ को शिवशंकर दास दैनिक रूपमा मादक पदार्थ सेवन गरी घर आउने गर्नु हुन्थ्यो । बारदातका दिन अर्थात मिति २०७९।०७।०५ गते पनि राती अबेरसम्म घर नआउनु भएकोले हामी छोरा छोरी

समेत खाना खाई अर्को कोठामा सुत्यौं । राती कुन बेला मादक पदार्थ सेवन गरी आई निज सुत्ने गरेको कोठामा रहेको विजुलीको बोर्ड, स्वीच्च नजीक नाङ्गो तार रहेको र निजको मोवाईल चार्ज गर्ने चार्जर जतिखेर पनि त्यही बोर्डमा लागिरहने भएकोले मोवाइल चार्ज गर्ने समयमा वा बत्ती बाल्ने बेलामा सोही ठाउँमा रहेको नाङ्गो तारमा करेन्ट लागि निज पति शिवशंकर दासको मृत्यु भएको कुरा भोलीपल्ट विहान अर्थात मिति २०७९।०७।०६ गते थाहा भएकोले गाउँसमाज तथा प्रहरीमा खवर गरेपछि निजको कानूनी प्रक्रिया पुऱ्याई लास सदगत गरी काजकृया सकेपछि मिति २०७९।०८।०७ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दरखास्त दिएपछि सम्पूर्ण कानूनी प्रकृया पूरा भएपछि ईलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीले दिएको पुर्जी कागजातको आधारमा पति शिवशंकर दासले सिटिजन लाईफ इन्स्योरेन्स क. लि. मा गरेको इन्स्योरेन्सको रकम दावी गरी इन्स्योरेन्स रकम प्राप्त भएको हो । सोही कञ्चनपुर थानाले शिवशंकर दासको करेन्ट लागी मृत्यु भएको भन्ने कुराको पुर्जी कागजात दिएको आधारमा नेपाल लाईफ इन्स्योरेन्स क. लि. मा इन्स्योरेन्स रकम दावी गरेपछि इन्स्योरेन्स रकम नतिर्नु पर्ने गरी चलखेल भई हामीलाई मिति २०७९।१२।०४ गतेका दिन पक्राउ गरी गैरकानूनी रूपमा प्रहरी हिरासतमा राखी मिति २०७९।१२।८ गते CONFIDENTIAL POLYGRAPH EXAMINATION TEST लिई म जाहेरवालीसँग भएको जवरजस्ती करणीको वारदात निस्तेज पार्ने तथा अपराधबाट जोगिने नियतले "निम्न व्यक्तिहरुलाई पक्राउ गरी यसै प्रतिवेदन साथ दाखिल गरेका छौं" भन्ने विषयको मिति २०७९।१२।१४ गतेको कथित (So Called) प्रहरी प्रतिवेदन पेश गरी सोही मितिको पक्राउ पुर्जी दिई र मिति २०७९।१२।२० गतेको अशोक कुमार दासको जाहेरीसमेतको आधारमा ज्यान सम्बन्धी कसूरको अभियोगमा सप्तरी जिल्ला अदालतको मिति २०८०।०१।११ गतेको आदेशले हाल कारागार कार्यालय राजविराजमा थुनामा रहेको छु ।

यसरी इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीका प्रहरी नायव उपरिक्षक (डिएसपी) दिपक कुमार रायले आर्थिक प्रलोभनमा परी मनमा बदनियत लिई म जाहेरवाली समेतलाई पक्राउ गरी प्रहरी हिरासतमा लिई इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीको गैर कानूनी रूपमा प्रहरी हिरासतमा रहँदाको अवस्थामा मिति २०७९।१२।०६ गतेका राती अन्दाजी ११:३०/१२:०० वजेको समयमा सोही इलाका प्रहरी कार्यालयका असई (नाम थाहा नभएको) ले म जाहेरवालीलाई हाकीमले बोलाएको छ, सोधपुछ गर्नु छ भनी जवरजस्ती प्रहरी उपरिक्षक दिपक कुमार रायको कोठामा लगि कोठा थुनी दिएको हो । मादक पदार्थ सेवन गरी बसेका निज दिपक

कुमार रायले सोही समयमा म जाहेरवालीलाई कुटपीट गरी मुख थुनी बोल्न कराउन नदिई खाटमा लडाई निर्वस्त्र पारी आफ्नो कपडा समेत खोली म जाहेरवालीको मन्जुरी बेगर जवरजस्ती साथ एक पटक करणी गरी पुन: सोही राती फेरी डिएसपी ले हिरासत कक्षबाट बोलाउन लगाई असईले जवरजस्ती गरी लगि कोठा भित्र थुनी पुन: करणी गरीसकेपश्चात म जाहेरवालीलाई विभिन्न प्रकारको डर धाक धम्की दिई यो कुरो कसैलाई कतै भनिस भने २० वर्षसम्म जेलमा सडाई दिन्छु । चुप लागेर बसिस भने तँलाई म छोडाई हाल्छु, यो कुरो कसैलाई नभन्नु डाक्टर समेतलाई नभन्नु, छुटेपछि नोकरी समेत लगाई तिम्रो जीवन बनाई दिन्छु भनी अनुचित प्रभावमा पारी धम्की दिई परिन्दमा पारेकोले डर तथा मानसिक तनावका कारण मिति २०७९।१२।०८ गते Confidential polygraph examination test गराउँदा पनि कसैलाई भन्न नसकी अदालतको आदेशानुसार स्वास्थ्य परीक्षण गराउने अवस्था भएपनि स्वास्थ्य परीक्षण नगराउनु भनी डिएसपीले धम्की दिएको कारण उक्त समयमा मेरो स्वास्थ्य परीक्षण समेत नभएको हो ।

सप्तरी जिल्ला अदालतको मिति २०८०।०१।११ गतेको आदेशले कारागार कार्यालय राजविराजमा थुनामा गएको र राती पेटमा दर्द भएपछि कारागार प्रशासनलाई जानकारी गराए तत्पश्चात मिति २०८०।०१।१२ गतेका दिन गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा स्वास्थ्य परीक्षणका लागि लगी स्वास्थ्य परीक्षण गर्ने समयमा सम्पूर्ण कुरा अर्थात प्रहरी नायव उपरिक्षक दिपक कुमार रायले मलाई जवरजस्ती करणी गरेको कुरा सविस्तार बताएपछि मेरो स्वास्थ्य परीक्षण भई औषधी सेवन गरेको, त्यसपछि तत्काल पेट दुख्ने बन्द भए पनि मानसिक तनावमा रहेकी छु । उक्त अस्पतालमा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन बुझि सुरक्षित राखी प्रमाणमा लगाई पाउँ ।

(ग) कसूरको प्रकृति र कसूरसँग सम्बन्धित अन्य विवरण :- विपक्षी अन्यायी इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीका प्रमुख, प्रहरी नायव उपरिक्षक (डिएसपी) दिपक कुमार रायले नेपाल लाइफ इन्स्योरेन्स क. लि. को आर्थिक प्रलोभनमा परी म जाहरेवाली प्रति गिद्धे नजर लगाई रातीको समयमा मसँगै पक्राउ परेकी ज्यान मुद्दाको अन्य आरोपीहरुबाट प्रहरीहरुले छुट्याई हिरासत कक्षबाट बाहिर निकाल्दा प्रतिकार गरेपनि सोही कार्यालयका असईले डर धाक धम्की दिई बल प्रयोग गरी कञ्चनपुर ईलाका प्रहरी कार्यालयका प्रमुख डिएसपीको कोठामा लगि ढोका बन्द गरी दिएपश्चात निज डिएसपीले मादक पदार्थ सेवन गरी म जाहेरवालीलाई कुटपीट गरी मेरो कुरो मान म जे भन्छु गर होईन भने २० वर्षसम्म जेलमा सडाई दिन्छु

मेरो कुरो मान्छस् भने तँलाई आरोपबाट छुटकारा दिलाई दिन्छु भनी अनुचित प्रभावमा पारी डर धाक धम्की दिई परिबन्दमा पारी जोरजबरजस्ती गरी मेरो शरीरको कपडा जबरजस्ती फुकाली पूर्ण रूपले नग्न बनाई आफ्नो पाईन्ट कट्टु समेत खोली म जाहेरवालीलाई मौन्न कराउन समेत नदिई जबरजस्ती साथ आफ्नो लिंग मेरो योनीमा प्रवेश गराई एक पटक जबरजस्ती करणी गरी सके पश्चात पुन: सोही राती फेरी हिरासत कक्षबाट दोहऱ्याएर बोलाउन लगाई जबरजस्ती गरी लगि कोठा भित्र थुनी पुन: जबरजस्ती करणी गरी प्रचलित कानुन मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१), ऐ. दफा २२१(१) विपरीतको कसूरजन्य अपराध गरेकोले म्हाई अन्यायमा पर्नी निज विपक्षीहरु उपर यो जाहेरी दरखास्त कारागार कार्यालय मार्फत प्रस्तुत गरेकी छु ।

तसर्थ उक्त घटनामा संलग्न ईलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीका असईको नाम, थर र ठेगाना भित्र विपक्षी प्रहरी नायब उपरिक्षक दिपक कुमार रायबाट बुलाउन लगाई निज असईले उक्त कार्यमा सहयोग गरी संयोग पारीदिएकोले निजलाई समेत पक्राउ गरी विपक्षी जन्यादी टिएसपीले बल प्रयोग गरी जबरजस्ती करणी गरी कानून विपरीतको कार्य गरेकोले निज विपक्षीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(क) र ऐ. दफा २२१(२) बमोजिम सजाय गरी क्षतिपूर्ति समेत दिलाई भराई न्याय निसाफ गरी पाउँन सादर अनुरोध गर्दछु ।

(ख) कसुरसँग सम्बन्धित सबुद प्रमाण :- गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा गराएको स्वास्थ्य परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्का, घटना विवरण कागज लगायत अन्य जे जो प्रमाण बुझ्नु पर्ने बुझि पाउँ ।

(ङ) कसुरसँग सम्बन्धित अन्य विवरण :- मेरो स्वास्थ्य परीक्षण गरी पाउँ । साथै वारदातको समयमा प्रहरी हिरासतमा रहेका मानिसहरुलाई समेत बुझि पाउँ ।

३. यो दरखास्तको ब्यहोरा ठिक साँचो छ, झुठा ब्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनु पर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

जाहेरी वा सूचना दिने व्यक्तिको :-
नाम :-
सही :-
मिति :-२०८०।०४।०५ गते ।

**तस्वीरहरू:**

| | |
|---|---|
|  |  |
| जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपीसँग घटनाबारे छलफल गर्दै अध्ययन टोली । | जिल्ला कारागार, सप्तरीको अनुगमनपछि कारागार प्रमुख र सुरक्षा इन्चार्जसँग अध्ययन टोली । |

**समाचारको स्थलगत अध्ययन सम्बन्धी इन्सेक अनलाइनमा प्रकाशित समाचारको लिंक :**
https://inseconline.org/np/news/%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%b9%e0%a4%b0%e0%a5%80-%e0%a4%b9%e0%a4%bf%e0%a4%b0%e0%a4%be%e0%a4%b8%e0%a4%a4%e0%a4%ae%e0%a4%be-%e0%a4%ac%e0%a4%b2%e0%a4%be%e0%a4%a4%e0%a5%8d%e0%a4%95%e0%a4%be-2/

**https://inseconline.org/np/news/%e0%a4%b9%e0%a4%bf%e0%a4%b0%e0%a4%be%e0%a4%b8%e0%a4%a4%e0%a4%ae%e0%a4%be-%e0%a4%ac%e0%a4%b2%e0%a4%be%e0%a4%a4%e0%a5%8d%e0%a4%95%e0%a4%be%e0%a4%b0-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a5%8b/**

https://annapurnapost.com/story/441002/?fbclid=IwAR1NwurJ0q7Bz_rrpOIhGtWrF_bMPvGAKEPCASr0nIRfmX7LA1xjCJf00aM

https://www.ablokit.com/detail/1509?fbclid=IwAR3HLTAviwQ-OlqOG078fo3QdGilictkhnjS8CXoaotLze0TjQA2UOqqKHc

https://www.makalukhabar.com/2023/08/99977311385/?fbclid=IwAR0fxuAr7CFOxrLVeRKVznHJ_2YzB_OXqhTLXu9P8xdn-FdQXCa7l9_64uY

https://ekantipur.com/news/2023/08/27/169310140676191195.html?fbclid=IwAR1QwIToGz2TOlPscc-ELzQtxFEJH0xJOpXtlxwlYkQYmuCc6mw8SQXYWHM

इन्सेक INSEC

WOREC